## हालसम्म गाउपालिकाले गरेका भौतिक प्रगति

- गाउपालिकाको भवनको तल्ला थपका लागी टेण्डर गरी निर्माण कार्य सुरु भएको ।
- वडा कार्यालयहरु पालुड.मैनादि, कुसुमखोला, फेकका वडा कार्यालयहरु मर्मत रंगरोगन, सुधार तथा विस्तार भैरहेको ।
- सुत्केरि महिलालाई सुत्केरी भएको १५ दिन पछि नेपाल सरकारले दिएको सुविधाका अलावा सुत्केरीकै हातमा रु१५०० थपगरी सुविधा दिइएको । (हाल सम्म ७४ जनाले सहुलियत लिएको) ।
- आयुर्वेद सेवाको विस्तारका लागी खस्यौलिमा इकाइ स्थापना गरीएको । प्रत्यक महिनाको ५ र २० गते सेवा सञ्चालन ।
- विद्युत पोल,तार फेर्ने लगायतका अन्य सम्पुर्ण प्रविधिकीय कार्य गर्ने गरी गाउपालीका तथा वडा वाट विनियोजित भएको रु ९७ लाख ६० हजार विद्युत प्रधिकरण शाखा कार्यालय पाल्पा संग सम्झौता गरी कार्यगर्न जिम्मेवारी दिइ अगाडि बढाइएको ।
- स्वास्थ्य विमाको काममा सहजिकरण गरिएको साथै कुसुमखोलाको लक्षित कार्यक्रम को वजेटवाट लागत सहभागीतामा ५५ घर धुरीमा स्वास्थ्य विमा शुरु गरिएको ।
  - टिपर समस्या, खनिज उद्योग संचालनका लागी जनप्रतिनिधि पत्रकारहरु संग संयुक्त वैठक ।
- प्रधानाध्यापक.बैठक, वन महासंघ(सामुदायीक वन) सहकारीहरुको वैठक र भेला ।
- वडा स्तर सम्म योजना तथा अन्य तालिम क्षमता विकास का कार्यक्रम भैरहेको ।
- पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरण र गाउपालिकाको साझेदारीका वडा नं. ७ को मैनादिका अवस्थित मैनादी कृषि सहकारी परिसर तथा गाउपालिका परिसरमा अपाङ.ग मैत्रि र्याम सहितको शौचालय निर्माण कार्य शुरु भएको ।
- मिनि टिलर खरिदको कार्य अगाडि बढाइएको, घास तथा विउ खरिद गरी वितरण गरिरहेको (१९लाख ५५हजार ) ।
- भैरवस्थान मन्दिर परिसर नजिक सार्वजनिक निजि साझेदारीमा पार्किड. स्थल निर्माण कार्य जारीरहेको
- जनप्रतिनिधिहरुका लागी कम्प्युटर प्रशिक्षण तथा योजना कार्यान्वयन तथा सिफारिस एकरुपता सम्वन्धि ३/३ दिने तालिम सम्पन्न भैसकेको ।
- निकट भविष्यमा योजना तर्जुमा सम्वन्धि तालिम सञ्चालन हुन लागेको ।
- गाउपालिकाको सभाहल निर्माण, सवै वडाहरुका कम्प्युटर प्रिन्टर तथा इन्टरनेट जडान कार्य भैरहेको
- आरन सुधारका लागी अनुदान दिन तथ्याड. संकलन भैरहेको ।
- वडा नं. २,३ र ५ (देउरालि, खस्यौलि र कुसुमखोला) मा सेतो घर कार्यक्रम संचालन भैरहेको तथा कुसुमखोलामा गाउँपालिका तर्फवाट १६ घरधुरीका लागि सहयोग गरी खरमुक्त वडा गर्न सम्भव भएको
- उज्यालो रिब्दिकोटका लागी वैकल्पिक प्रवर्द्धन केन्द्र संग सहकार्यको प्रयत्न भैरहेको ।
- ११ वटा ठुला लिफ्टीड. योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भैसकेको ।

- ❖ रिब्दिकोट पालिकास्तरिय रिङरोड को अवधारणा अगाडी वढाइएको ।
- ❖ विध्यालयको गुणस्तरीयताका लागी अनुगमन र अनुगमनका आधारमा भौतिक पुर्वाधारमा सहयोग, पालिकास्तरिय रुपमानै बर्षायाम पछि वाटोको अवरोध हटाउने मुख्य सडकको साधारण मर्मत, खाल्डा खुल्डी पुर्ने र नालि सफा गर्ने कार्य गरिसकिएको ।
- ❖ जोगिथुम तथा जोगेथानलाई सडक संग जोड्ने कार्य पुरा भैसकेको ।
- ❖ असाध्य रोग ( क्यान्सर, मुटु,मृगौला लगायत) का हकमा गाउवासिलाई कार्यविधि वनाइ सहयोग गरिएको हालसम्म १२३ जनाले सो सुविधा प्राप्त गरिसकेका छन ।
- ❖ एकिकृत सम्पति कर लागु गर्न अध्ययन शुरु गरिएको । सो का लागि matching तर्फवाट व्यवस्था गरिएको
- ❖ शिक्षा, स्वाथ्य तथा सहकारी सम्वन्धि ऐन विभिन्न चरणमा सरोकारवाला संगको छलफलवाट पुर्णता दिइ दोस्रो गाउसभावाट पारित भै राजपत्रमा प्रकाशनका लागि स्थानिय राजपत्र सम्वन्धी कार्यविधि पारित गरी राजपत्रमा प्रकाशनको तयारी भैरहेको ।
- ❖ सुचना अधिकृत १जना, ४ जना अ.न.मि. र २ जना प्राविधिक सबै प्रक्रिया पुरा गरी काममा लगाइएको सिभिल इन्जिनियर भर्ना गर्न प्रक्रिया अगाडी वढाइएको ।
- ❖ भुकम्प पुर्ननिर्माण मा परेका जम्मा लाभग्राहि ६८८ जना, प्रवलिकरणमा १३३ जना, पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहिको संख्या ६०० जना( विविध कारणले ८८ जनाको संझौता हुन नसकेको)साथै निर्माण सम्पन्न भैसकेका घरको संख्या १४, निर्माणधिन ४०, दोस्रो किस्ता प्राप्त गर्ने ३४, तेस्रो किस्ता प्राप्त गन १४, सम्वन्धि कार्यले गति लिएको ।
- ❖ विपद व्यवस्थापन र मर्मत सम्भार कोष स्थापना गरीएको ।
- ❖ संविधान दिवस, अन्तराष्टिय श्रमिक महिला दिवस, धन्वन्तरी दिवस र विश्व पानी दिवस र सहकारी दिवस गाउँपालिकाको अगुवाईमा मनाइएको ।
- ❖ जेष्ठ नागरीक परिचयपत्र वितरण बडाहरुवाट पनि गर्ने गरी व्यवस्था मिलाईएको ।
- ❖ न्यायिक समिति गठन भइ हालसम्म १० उजुरीको न्यायिक निरुपण गर्ने कार्य भएको ।
- ❖ आयुर्वेद तथा एलोपैथिक औषधि खरिद गरी सवै सस्थाहरुमा वितरणको व्यवस्था मिलाइएको ।
- ❖ मौसम मापन यन्त्र(राडर) रिब्दिकोट डाडामा स्थापना गर्न विभाग वाट टेण्डर भएकोमा गाउपालिकाले सहजिकरण गरेको ।
- ❖ योजनावद्ध विकासको प्रयत्न गरीएको ।
- ❖ मर्मत सम्भार कोष,राजस्व वृद्वि योजना तथा विपद व्यवस्थापन कार्यविधि निर्माण कार्यलाई अगाडि वढाइएको ।

## प्रशासनिक चुनौति

- ✓ प्राविधिक जनशक्तिको अभाव
- ✓ भवन अभाव
- ✓ जनताको चाहाना र अपेक्षामा वढोत्तरी
- ✓ निर्माण को गुणस्तर
- ✓ जनप्रतिनिधिको क्षमता अभिवृद्धि
- ✓ प्रविधिको उपयोग
- ✓ बडाहरुसगँको नेटबकिङ्ग कार्य ।

रिब्दीकोट गाँउपालिका
पाल्पा